神奈川県

KANAGAWA

# खानागावा अन्तराष्ट्रिय नीति प्रवर्द्धन निर्देशिका

## सारांश संस्करण

पाँचौं संस्करण

व्यापक सहकार्य र सहयोगको माध्यमबाट शान्तिपूर्ण
बहु-सांस्कृतिक सह-अस्तित्वको समाज निर्माण
खानागावाको सशक्त पक्षलाई सदुपयोग गरेर विश्वव्यापी
रणनीतिको विस्तार

खानागावा प्रिफेक्चर

संस्कृति, खेलकुद तथा पर्यटन विभाग, अन्तराष्ट्रिय शाखा
पोष्टल कोड २३१-८५८८ योकोहामा-सी, नाखा-कु, निहोन ओदोरी १
फोन (०४५) २१०-३७४८ (प्रत्यक्ष)
फ्याक्स (०४५) २१२-२७५३

CLAIR
一般財団法人
自治体国際化協会
यो पम्फ्लेट, साधारण प्रतिष्ठान स्थानीय निकाय अन्तराष्ट्रियकरण सङ्घको सहयोग लिएर बनाएको हो।

# 1 निर्देशिकाको उदेश्य र परिमार्जनका अभिप्राय

यो निर्देशिका, समाज र अर्थतन्त्रको विश्वव्यापीकरण अनि सीमारहितकरण द्रुतगतिमा विकास भई, राज्य र राज्य, क्षेत्र र क्षेत्र, मानव र मानव बीचको अन्तराष्ट्रिय स्तरको सम्बन्ध अझै गहिरो हुँदै गइरहेको यस परिपेक्ष्यमा प्रिफेक्चरवासीहरु, राष्ट्रियताको पर्वाह नगरी, उद्देश्य मूलक अनि विशाल हृदयका साथ जीवनयापन गर्न सक्ने गरी, सम्बन्धित निकायको दृष्टिकोणबाट प्रिफेक्चरको अन्तराष्ट्रिय नीति विकास गर्ने सोच र दिशाको बारेमा वर्णन गरिएको दस्तावेज हो।

प्रिफेक्चरमा, अन्तराष्ट्रिय नीतिलाई योजनाबद्ध रुपमा कार्यान्वयन गर्नको लागि, १९९१ साल मे महिनामा "खानागावा अन्तराष्ट्रिय नीति प्रवर्द्धन प्लान" निर्माण गरिए पश्चात्, अन्तराष्ट्रिय परिवेशमा हुने परिवर्तनसँग सामना गर्नको लागि आवश्यकता अनुरूप परिमार्जन गर्ने जस्ता कार्य गर्दै, विभिन्न उपायहरू अवलम्बन गरिरहेको छ।

हालको निर्देशिका परिमार्जन भएको ७ वर्ष बितिसकेको छ। यस प्रिफेक्चरमा बसोबास गर्ने विदेशी नागरिकहरू प्रतिदिन वृद्धि भइरहेको छ। निर्दिष्ट सीप प्रणाली बमोजिम विदेशी जनशक्तिलाई रोजगारी दिने कार्य विस्तार भइरहेको छ। यसको आधारमा, बहु-सांस्कृतिक सह-अस्तित्वको नीतिको प्रवर्द्धन, जापानीज भाषा कक्षाको प्रवर्द्धन जस्ता राज्यले लिने नीति अनुरूप तुरुन्तै प्रतिक्रिया दिन सक्ने बनाउनु आवश्यक छ।


त्यस माथि, कोरोना भाइरस महामारीको बेलामा देखा परेका समस्याहरू समाधान गर्नको लागि आवश्यक सहयोग पनि गर्दै जानु पनि आवश्यक छ। यस्तो परिस्थितिको परिवर्तनलाई सामञ्जस्य गरी, यस प्रिफेक्चरको अन्तराष्ट्रिय नीतिको अवलम्बनलाई थप प्रवर्द्धन गर्दै जानको लागि, खानागावा अन्तराष्ट्रिय नीति प्रवर्द्धन निर्देशिकालाई परिमार्जन गरिने छ।

# 2 प्रिफेक्चरमा बसोबास गर्ने विदेशी नागरिकहरूको अवस्था

२०२३ साल जनवरी महिना सम्मको डाटा अनुसार, यस प्रिफेक्चरमा बसोबास गर्ने विदेशी नागरिकहरूको सङ्ख्या २३९३०१ जना, १७६ वटा देश/क्षेत्रबाट, जुन हाल सम्मकै उच्च हो। विविधीकरण भइरहेको छ। देश/ क्षेत्रको हिसाबले, चीनले कूल सङ्ख्याको २९.४% ओगटेको छ भने, त्यसपछि भियतनाम, कोरिया, फिलिपिन्स, नेपाल छन्।

आर्थिक वर्ष २०२२ मा, स्थायी निवासी / दीर्घकालीन भिसा लिएर, यस प्रिफेक्चरमा स्थायी रुपमा बसोबास गरिरहेका विदेशी नागरिकहरूको सङ्ख्या, १३९०२९ जना थिए। आर्थिक वर्ष २०१२ को ११३७४६ जनाको तुलनामा, लगभग १.२ गुणा भएको छ।

चित्र 1 प्रिफेक्चरमा बसोबास गर्ने विदेशीहरूको सङ्ख्या तथा स्थायी रुपमा बसोबास गर्ने विदेशीहरूको सङ्ख्या




प्रिफेक्चरमा बसोबास गर्ने विदेशीहरूको तथ्याङ्क (खानागावा प्रिफेक्चर) /
जापानमा बसोबास गर्ने विदेशीहरूको तथ्याङ्क (अध्यागमन एजेन्सी) को आधारमा,
प्रिफेक्चरको अन्तराष्ट्रिय शाखाले बनाएको


नोट 1) विदेशीहरूको सङ्ख्या, आर्थिक वर्ष २०११ सम्म, विदेशी नागरिक दर्ता ऐन बमोजिम, विदेशी नागरिक दर्तावालाको सङ्ख्या, आर्थिक वर्ष २०१२ पश्चातको चाहिँ, ज्यूमिन किहोन दाइच्यो (निवासी दर्ता किताब) मा उल्लेखित विदेशीहरूको सङ्ख्या (पुनश्च, आर्थिक वर्ष २०१२ सम्मको डाटा, डिसेम्बर ३१ तारिख सम्मको, आर्थिक वर्ष २०१३ पश्चातको डाटा चाहिँ जनवरी १ तारिख सम्मको डाटा)

नोट 2) स्थायी रुपमा बसोबास गर्ने विदेशीहरूको सङ्ख्याको बारेमा, "जापानमा बसोबास गर्ने विदेशीको तथ्याङ्क (अध्यागमन एजेन्सी)" को भिसाको प्रकार अनुसार बसोबास गर्ने विदेशीहरूको सङ्ख्या (कूल सङ्ख्या) मध्ये, स्थायी निवासी, जापानी नागरिकको पति वा पत्नी आदि, स्थायी निवासीको पति वा पत्नी आदि, दीर्घकालीन भिसा भएको व्यक्ति, विशेष स्थायी निवासी भिसा भएको व्यक्तिको सङ्ख्यालाई जोडेर आएको सङ्ख्या हो।

## 3 विदेशसँग सम्बन्ध भएका बालबालिकाहरू को अवस्था (※)

प्रिफेक्चर भित्रको प्राथमिक विद्यालय / जुनियर हाइस्कूल/ हाइस्कूलमा अध्ययनरत विदेशी विद्यार्थीहरूको सङ्ख्या, आर्थिक वर्ष २०१२ मा ७०६० जना बाट आर्थिक वर्ष २०२३ मा, १२७२५ जना भई, लगभग १.८ गुणा वृद्धि भएको छ।

चित्र 2 प्रिफेक्चर भित्रको प्राथमिक विद्यालय / जुनियर हाइस्कूल/ हाइस्कूलमा अध्ययनरत विदेशी विद्यार्थीहरूको सङ्ख्या,





खानागावा प्रिफेक्चर विद्यालय आधारभूत सर्वेक्षणको आधारमा प्रिफेक्चरको अन्तराष्ट्रिय शाखाले बनाएको

※ विदेशसँग सम्बन्ध भएका बालबालिकाहरू... "जापानीज नागरिक भएता पनि मातृभाषा जापानीज भाषा नभएका बालबालिका" तथा "परिवारको पुर्खा विदेशमा भएको बालबालिका" जस्ता, विदेशी नागरिकता भएको बालबालिका मात्र नभइ, जातजाति, संस्कृति जस्ता विभिन्न पृष्ठभूमि भएका बच्चाहरूको कुरालाई दर्शाइरहेको छ।

## 4 अन्तराष्ट्रिय विद्यार्थीहरूको अवस्था

प्रिफेक्चर भित्रको अन्तराष्ट्रिय विद्यार्थी, आर्थिक वर्ष २०१३ पश्चात् वर्षै पिच्छे क्रमिक रुपमा वृद्धि भइ, आर्थिक वर्ष २०१९ मा आएर, हालसम्मकै सबैभन्दा उच्च १३८५५ जना भएको थियो। आर्थिक वर्ष २०२० पश्चात्, कोरोना भाइरस सङ्क्रामक रोगको कारणबाट, जापान प्रवेशमा सीमा बन्देज लगाएको कारणबाट, घटेको थियो तर, आर्थिक वर्ष २०२३ मा फेरी बढ्न थालेको छ।

चित्र 3 प्रिफेक्चर भित्रको अन्तराष्ट्रिय विद्यार्थीहरूको सङ्ख्या




खानागावा प्रिफेक्चर भित्रको विश्वविद्यालय आदिमा अध्ययनरत अन्तराष्ट्रिय विद्यार्थीको बारेमा सर्वेक्षण (खानागावा प्रिफेक्चर)

# आधारभूत उदेश्य र नीतिको दिशा

## प्राप्त गर्ने लक्ष्य

- व्यापक सहकार्य र सहयोगको माध्यमबाट शान्तिपूर्ण बहु-सांस्कृतिक सह-अस्तित्व समाजको निर्माण
- खानागावा प्रिफेक्चरको सवल पक्षलाई सदुपयोग गरेको ग्लोवल रणनीतिको विस्तार

## आधारभूत लक्ष्य

1. बहु-सांस्कृतिक सह-अस्तित्वको स्थानीय समाज निर्माण
2. खानागावा प्रफिेक्चरको सवल पक्षलाई सदुपयोग गरी अन्तराष्ट्रयि स्तरमा वसि्तार
3. ग्लोबल जनशक्ति आदिको सक्रिय भूमिकालाई बढावा
4. आणविक हतियार मुक्त / शान्तिको चेतनालाई फैलाउने
5. प्रिफेक्चरवासीहरुको अन्तराष्ट्रिय गतिविधिको लागि सहायता, सहकार्य र सहयोगको प्रवर्द्धन

## नीतिको दिशा

**1 (बहु-सांस्कृतिक सह-अस्तित्वको स्थानीय समाज निर्माण)**

(1) प्रिफेक्चरमा बसोबास गर्ने विदेशी नागरिकहरूलाई जीवनयापन गर्न सहज वातावरण बनाउने

(2) जापानीज भाषाको शिक्षाको विस्तार

(3) विदेशसँग सम्बन्ध भएका बालबालिकाहरूलाई सहायता

(4) खानागावामा जीवनयापन गर्दै अध्ययन गर्ने अन्तराष्ट्रिय विद्यार्थीहरूलाई सहायता

(5) प्राकृतिक विपदको बेलामा, प्रिफेक्चरमा बसोबास गर्ने विदेशी नागरिकलाई सहायता

(6) बहु-संस्कृतिको बुझाईलाई बढावा

**2 (खानागावा प्रफिेक्चरको सवल पक्षलाई सदुपयोग गरी अन्तराष्ट्रयि स्तरमा वसि्तार)**

(7) प्रिफेक्चर भित्र रहेका कम्पनीहरूको व्यापार विदेशमा विस्तार गर्न सहयोग तथा विदेशी कम्पनीहरूलाई जापानमा आकर्षित गर्ने

(8) "हेल्थ केयर / न्यू फ्रन्टियर" को प्रवर्द्धन / सम्प्रेषण

(9) विदेशी पर्यटकहरूलाई आकर्षित गर्न प्रवर्द्धन

(10) "माग्कल" को प्रवर्द्धन

**3 (ग्लोबल जनशक्ति आदिको सक्रिय भूमिकालाई बढावा)**

(11) खानागावा प्रिफेक्चरको विशेषता झल्काउने अन्तराष्ट्रिय आदानप्रदान तथा सहयोगको प्रवर्द्धन

(12) अन्तराष्ट्रिय समुदायमा सक्रिय भूमिका खेल्न सक्ने जनशक्ति उत्पादन

(13) विदेशी जनशक्तिको सक्रिय भूमिका लाई बढावा

(14) विदेशी जनशक्तिहरूको लागि काम गर्न सहज वातावरण निर्माण

**4 (आणविक हतियार मुक्त / शान्तिको चेतनालाई फैलाउने)**

(15) आणविक हतियार मुक्त / शान्तिको चेतना फैलाउने

**5 (प्रिफेक्चरवासीहरुको अन्तराष्ट्रिय गतिविधिको लागि सहायता, सहकार्य र सहयोगको प्रवर्द्धन)**

(16) प्रिफेक्चरवासीको गतिविधिलाई सहायता तथा सहकार्य / सहयोग

(17) अमेरिकी सैनिक व्यारेकको समस्या समाधानका उपायहरू प्रवर्द्धन

(18) अपहरणको मुद्दालाई भुल्न नदिन र प्रिफेक्चरबासीको बुझाईलाई बढावा

# नीतिको दिशा

# आधारभूत लक्ष्य 1 बहु-सांस्कृतिक सह-अस्तित्वको स्थानीय समाज निर्माण

## (1) प्रिफेक्चरमा बसोबास गर्ने विदेशी नागरिकहरूलाई जीवनयापन गर्न सहज वातावरण बनाउने

प्रिफेक्चरमा बसोबास गर्ने विदेशी नागरिकहरू रमाइ रमाइ जीवनयापन गर्न सक्ने वातावरण निर्माण गर्नको लागि, प्रिफेक्चरमा बसोबास गर्ने विदेशी नागरिकहरूको लागि वृहत् रुपमा परामर्शको व्यवस्था, बहु-भाषा / सरल जापानिज भाषामा सूचना प्रदानलाई व्यवस्थित गर्नुका साथै, स्वास्थ्य संस्था तथा सरकारी निकायहरूमा दोभासेको व्यवस्था गर्ने, घर बहालमा बस्दाखेरी आवश्यक सपोर्ट जस्ता, जीवनयापनसँग सम्बन्धित विभिन्न क्षेत्रको नीति प्रवर्द्धन गरिने छ। पुनश्च, यस कार्यको लागि, यस प्रिफेक्चरमा बसोबास गर्ने विदेशी नागरिकसँग हातेमालो गर्दै, विदेशी नागरिक बासिन्दाहरूको स्थानीय समाज निर्माणमा सहभागी हुन प्रोत्साहन गरिने छ। साथै, विदेशी नागरिकका बासिन्दासँग सम्बन्धित कानुन, प्रणालीलाई सुधार तथा परिमार्जन तथा घृणायुक्त भाषण (हेइट स्पीच) बन्द गर्ने जस्ता मानव अधिकार नीतिको प्रवर्द्धन गर्न पहल गरिने छ।

[**नीति नियमको विकास**]

- प्रिफेक्चरवासी विदेशी नागरिकहरूको लागि परामर्शको व्यवस्था तथा सूचना प्रवाहलाई विस्तार गर्ने
- प्रिफेक्चरवासी विदेशी नागरिकहरूको लागि जीवनयापनसँग सम्बन्धित सहयोग कार्यलाई व्यवस्थित गर्ने
- विदेशी नागरिकहरूको लागि स्वास्थ्य संस्था / समाज कल्याणका सेवाहरूलाई बढावा दिने
- प्रिफेक्चरवासी विदेशी नागरिकहरूको समस्या समाधान गर्ने खालको सहयोगी तालिमलाई बढावा दिने
- प्रिफेक्चरवासी विदेशी नागरिकहरूको लागि प्रिफेक्चरको सरकारमा सहभागी हुन प्रोत्साहन गरिने
- प्रिफेक्चरवासी विदेशी नागरिकहरूको मानव अधिकारको सम्मान
- प्रिफेक्चरवासी विदेशी नागरकहरूसँग सम्बन्धित नियम कानून तथा प्रणालीलाई सुधार गर्ने

## (2) जापानीज भाषाको शिक्षाको विस्तार

प्रिफेक्चरवासी विदेशी नागरिकहरू स्थानीय समाजको एक सदस्यको हैसियतले, ढुक्क र शान्तिपूर्वक जीवनयापन गर्नुका साथै सक्रिय भूमिका निर्वाह गर्न सक्ने वातावरण बनाउनको लागि, प्रिफेक्चर भित्रको प्रत्येक क्षेत्रमा, प्रिफेक्चरवासी विदेशी नागरिकहरूको लागि आवश्यक जापानीज भाषाको दक्षता हासिल गर्न सकोस् भन्नाको लागि, स्थानीयको आवश्यकता अनुसारको सहायता तथा विदेशसँग सम्बन्ध भएका बालबालिकाहरू अनि विदेशी श्रमिकहरूलाई जापानीज भाषाको शिक्षा दिने व्यवस्था गरिने छ।

[**नीति नियमको विकास**]

- पालिका तथा सम्बन्धित निकायहरूसँग सहकार्य गरी स्थानीय रुपमा जापानी भाषा शिक्षाको व्यवस्था गर्ने
- स्थानीय जापानीज भाषा शिक्षाको गतिविधिलाई टेवा दिने जनशक्ति उत्पादन र नेटवर्क निर्माण
  स्थानीय जापानीज भाषा शिक्षासँग सम्बन्धित जानकारीहरू सम्प्रेषण गर्ने कार्यलाई व्यवस्थित तथा प्रिफेक्चरवासी विदेशी नागरिकहरूको जापानीज भाषा सिकाइमा पहुँच विस्तार गर्ने
- विदेशसँग सम्बन्ध भएका बालबालिकाहरूलाई जापानीज भाषा शिक्षाको प्रवर्द्धन
- विदेशी श्रमिकहरूलाई जापानीज भाषा शिक्षाको प्रवर्द्धन



[पहिलो पटक सिक्ने व्यक्ति लक्षित जापानी भाषाको कक्षा]



[पालिका कार्यालयसँग सहकार्य गरी जापानीज भाषा स्वयम् सेवक उत्पादन गर्ने तालिम]

# नीतिको दिशा

# आधारभूत लक्ष्य 1 बहु-सांस्कृतिक सह-अस्तित्वको स्थानीय समाज निर्माण

## (3) विदेशसँग सम्बन्ध भएका बालबालिकाहरूलाई सहायता

विदेशसँग सम्बन्ध भएका बालबालिकाहरू ढुक्क भएर हुर्की, अध्ययन गर्न सक्ने वातावरण बनाउनको लागि, शिक्षाको अवसरलाई फराकिलो अनि बालबालिका हुर्काउने कार्यमा बहु भाषाबाट सहायता गर्ने जस्ता, विदेशसँग सम्बन्ध भएका बालबालिकाहरूको सहायताको बारेमा, पालिका कार्यालय तथा सम्बन्धित निकायसँग सहकार्य गर्दै आवश्यक कार्य गरिने छ।

**[नीति नियमको विकास]**

- विदेशसँग सम्बन्ध भएका बालबालिकाहरूको शिक्षाको अवसरलाई फराकिलो पार्ने
- विदेशसँग सम्बन्ध भएका बालबालिकाहरूको शिक्षालाई विस्तार गर्ने
- शिक्षक तथा सहयोगीहरूको लागि आवश्यक तालिमको प्रवर्द्धन
- प्रिफेक्चरवासी विदेशी नागरिकहरूको लागि बच्चा हुर्काइ सहायताको प्रवर्द्धन

## (4) खानागावामा जीवनयापन गर्दै अध्ययन गर्ने अन्तराष्ट्रिय विद्यार्थीहरूलाई सहायता

खानागावामा बसोबास गरी, अध्ययन गर्ने अन्तराष्ट्रिय विद्यार्थीहरूको लागि जीवनयापन, रोजगार परामर्श तथा जमघटको अवसर प्रदान गर्ने जस्ता "खानागावा अन्तराष्ट्रिय फ्यान क्लब KANAFAN STATION" को सञ्चालन गर्नुका साथै, विश्व विद्यालय, प्राविधिक विद्यालय जस्ता शैक्षिक संस्था, NPO, व्यावसायिक सङ्गगठनसँग सहकार्य गरी सहयोग तथा प्रिफेक्चर भित्रको कम्पनीमा रोजगारी दिलाउनको लागि आवश्यक सहायता गरी, अन्तराष्ट्रिय विद्यार्थी र स्थानीय समुदायलाई जोड्ने संयन्त्र स्थापना गर्न पहल गरिने छ।

**[नीति नियमको विकास]**

- "खानागावा अन्तराष्ट्रिय फ्यान क्लब KANAFAN STATION" लाई केन्द्रमा राखि अन्तराष्ट्रिय विद्यार्थी सहायतालाई विस्तार गर्ने
- शैक्षिक संस्था, NPO, व्यावसायिक संस्थानसँग सहकार्य गरी अन्तराष्ट्रिय विद्यार्थीको लागि सहायता
- दीक्षित वा अध्ययन पुरा भए पश्चात्, प्रिफेक्चर भित्र रोजगारको लागि सहयोग



【खानागावा अन्तराष्ट्रिय फ्यान क्लब भेटघाट कार्यक्रम】



【KANAFAN STATION को कार्यको झलक】

# नीतिको दिशा

# आधारभूत लक्ष्य 1 बहु-सांस्कृतिक सह-अस्तित्वको स्थानीय समाज निर्माण

## (5) प्राकृतिक विपदको बेलामा, प्रिफेक्चरमा बसोबास गर्ने विदेशी नागरिकलाई सहायता

प्राकृतिक विपद् तथा संक्रामक रोग फैलिएको अवस्थामा, बहु भाषा / सरल जापानीज भाषामा सूचना तथा जानकारी प्रदान गर्ने जस्ता प्रिफेक्चरवासी विदेशी नागरिकहरूको लागि सहायताको बारेमा, पालिका कार्यालय तथा सम्बन्धित निकायसँग सहकार्य गर्दै पहल गरिने छ।

**[नीति नियमको विकास]**

- प्राकृतिक विपद् भएको बेलामा, प्रिफेक्चरबासी विदेशी नागरिकहरूलाई लक्षित गरी परामर्शको व्यवस्था, सूचना प्रदान कार्यको प्रवर्द्धन।
- प्राकृतिक विपद् दोभासे स्वयम् सेवकहरूको लागि तालिमको आयोजना

## (6) बहु-संस्कृतिको बुझाईलाई बढावा

बहु संस्कृति बुझाईलाई प्रवर्द्धन गर्नको लागि, स्थानीय क्षेत्रमा, अध्ययनको अवसर तथा सूचना प्रवाह गर्नुका साथै, बहु संस्कृति सह-अस्तित्वको विषयमा कार्यक्रम सञ्चालन गरिने छ। विद्यालय जस्ता स्थानमा, बहु संस्कृति बुझाईलाई गहिरो बनाउने तालिम जस्ता कार्य गर्नुका साथै, प्रिफेक्चरवासी विदेशी नागरिकहरूलाई सहायता गर्ने व्यक्ति तथा संस्थालाई तालिम दिने तथा प्रिफेक्चरवासीहरूलाई लक्षित गरी सेमिनारहरू आयोजना गरिने छ।

**[नीति नियमको विकास]**

- स्थानीय क्षेत्रमा बहुसांस्कृतिक बुझाईको प्रवर्द्धन
- विद्यालय शिक्षामा बहु संस्कृतिको बुझाईको प्रवर्द्धन
- बहु सांस्कृतिक बुझाईलाई गहिरो बनाउने खालको वर्कशप, तालिम आदि आयोजना तथा विस्तार



【अर्थ फेस्टा खानागावा】




【ग्लोवल सिटिजन खानागावा प्लाजाको भिडियो लाइब्रेरी】

# नीतिको दिशा

## आधारभूत लक्ष्य 2 खानागावा प्रिफेक्चरको सवल पक्षलाई सदुपयोग गरी अन्तराष्ट्रिय स्तरमा विस्तार

### (7) प्रिफेक्चर भित्र रहेका कम्पनीहरूको व्यापार विदेशमा विस्तार गर्न सहयोग तथा विदेशी कम्पनीहरूलाई जापानमा आकर्षित गर्ने

उच्च स्तरीय प्रविधि भएका साना तथा मझौला उद्योगहरूको विदेशमा बिक्री वितरणलाई विस्तार गर्न प्रोत्साहन गर्नको लागि, विदेशमा आफ्नो व्यापारलाई विस्तारसँग सम्बन्धित जानकारी प्रदान गर्ने, परामर्श कार्यक्रम आयोजना गर्ने जस्ता कार्य मार्फत विदेशमा आफ्नो व्यापारलाई बिस्तार गर्न सहायता गरिने छ। साथै, विदेशी कम्पनीलाई आकर्षित गर्न, वैदेशिक प्रवर्द्धन गतिविधि तथा विदेशी कम्पनी स्थापन गर्नको लागि आवश्यक सहायता प्रदान गरिने छ।

[**नीति नियमको विकास**]

- साना तथा मझौला उद्योगलाई विदेशमा आफ्नो व्यापार बिस्तार गर्नको लागि आवश्यक सहायता
- वैदेशिक प्रवर्द्धन आदि मार्फत विदेशी कम्पनीलाई आकर्षित गर्ने



【भियतनामको हनोइमा आयोजना गरिएको कम्पनीलाई आकर्षित गर्ने सेमिनार】



【चीनको दाइरेनमा आयोजना गरिएको बिजनेस बैठक】

### (8) "हेल्थ केयर / न्यू फ्रन्टियर" को प्रवर्द्धन / सम्प्रेषण

विदेशको लाइफ साइन्स उद्योगको विकसित क्षेत्र तथा WHO (विश्व स्वास्थ्य सङ्गठन) आदिसँग सहकार्य मार्फत, ME-BYO को अवधारणा र "जिन्दगी चम्किने समाज / Vibrant INOCHI" को बारेको जानकारी सम्प्रेषण गर्ने कार्य गरिने छ। साथै, अत्याधुनिक चिकित्सा उपचार तथा ME-BYO उद्योगलाई अन्तराष्ट्रिय स्तरमा विस्तार गर्नको लागि प्रोत्साहित गरिने छ।

[**नीति नियमको विकास**]

- अत्याधुनिक चिकित्सा उपचार तथा ME-BYO उद्योग आदिलाई अन्तराष्ट्रिय रुपमा बिस्तार
- विश्व स्वास्थ्य सङ्गठन (WHO) सँग सहकार्य मार्फत हेल्थ केयरसँग सम्बन्धित नीति नियमहरू बनाउन पहल गरिने
- स्वास्थ्य तथा कल्याण विश्वविद्यालयको स्नातक तथा स्नातकोत्तर तहमा हेल्थ इनोभेसन अनुसन्धान कोर्षमा अर्को पुस्ताको हेल्थ आविष्कारकहरू उत्पादन गर्ने

# नीतिको दिशा　आधारभूत लक्ष्य 2 खानागावा प्रिफेक्चरको सवल पक्षलाई सदुपयोग गरी अन्तराष्ट्रिय स्तरमा विस्तार


## (9) विदेशी पर्यटकहरूलाई आकर्षित गर्न प्रवर्द्धन

विदेशी पर्यटकहरूको भ्रमण सम्बन्धि डाटा सदुपयोग गरी, पर्यटकिय आकर्षणहरू पत्ता लगाउने, त्यसलाई प्रचार प्रसार तथा वेबसाइट आदिको माध्यमबाट पर्यटन सम्बन्धि जानकारी सम्प्रेषण गर्नुका साथै, विदेशको पर्यटन प्रतिनिधिहरू（※）आदि मार्फत प्रचार प्रसार गरिने छ। साथै, विशिष्ट उच्च स्तरीय गाईडहरु उत्पादन तथा पर्यटनसँग सम्बन्धित स्थलको वातावरणीय सुधार आदि, विदेशी पर्यटकहरूको सन्तुष्टिको मात्रा बढाउन सहयोग पुर्याउने खालको विदेशी पर्यटक भित्र्याउने वातावरण सुधारका उपायहरू अवलम्बन गरिने छ।

※पर्यटन प्रतिनिधिहरू : विदेशी पर्यटकहरूलाई आकर्षित गर्ने उद्देश्यले गरिने सेल्स प्रवर्द्धन गतिविधि, जानकारी प्रदान, प्रवर्द्धन गर्ने उद्देश्य लिएर, स्थानीय मिडियाहरू तथा स्थानीय ट्राभल व्यवसायीहरूलाई लक्षित गरी, स्थानीय निकाय तथा व्यवसायीको प्रतिनिधिको रुपमा सेल्स प्रमोशन गर्ने व्यवसायीलाई जनाउँछ।

**[नीति नियमको विकास]**

- विदेशी पर्यटकको आवश्यकताको सर्वेक्षण आदिको भ्रमण सम्बन्धि डाटालाई सदुपयोग
- पर्यटकिय आर्कषणहरु पत्ता लगाउने, त्यसलाई प्रचार प्रसार तथा विदेशी भाषामा ट्राभल सम्बन्धि जानकारी दिने वेबसाइट आदि मार्फत ट्राभल सम्बन्धि जानकारी सम्प्रेषण गर्ने
- विदेशी पर्यटकलाई आकर्षित गर्ने खालको प्रमोशन कार्य गर्ने
- पर्यटन जनशक्तिको उत्पादन तथा विदेशी पर्यटकलाई स्वागत गर्ने वातावरण बनाउने



【विदेशको ट्राभल एजेन्सीलाई लक्षित प्रमोशन】



【ताइवानमा MICE अनलाइन व्यापार बैठक】

※MICE : कम्पनी आदिको बैठक (मिटिङ्ग), कम्पनीद्वारा आयोजना गरिने प्रोत्साहन ट्राभल (Incentive Travel), अन्तराष्ट्रिय निकाय / संस्था, शैक्षिक प्रतिस्थापनहरूले आयोजना गर्ने अन्तराष्ट्रिय बैठक (Convention), प्रदर्शनी, व्यापार मेला, कार्यक्रम (Exhibition/Event) को शुरुको अक्षर लिएर बनाएको शब्द हो। धेरै ग्राहकहरूसँग जमघट तथा अन्तरक्रियाको अपेक्षा गरिने बिजिनेस इभेन्ट लाई जनाउँछ।

## (10) “माग्कल” को प्रवर्द्धन

कला संस्कृतिको आकर्षणले मानिसहरूलाई आकर्षित गरी, स्थानीयलाई जीवन्त पार्ने, माग्नेट कल्चरलाई संक्षिप्तमा “माग्कल” भनिने लाई थप प्रवर्द्धन गरी, विश्वलाई लक्षित गरी खानागावाको कला संस्कृतिको आकर्षणलाई सम्प्रेषण गरिने छ।

**[नीति नियमको विकास]**

- खानागावाको आकर्षक सामाग्रीलाई बहु भाषा मार्फत सूचना प्रवाह

# नीतिको दिशा

## आधारभूत लक्ष्य 3 ग्लोबल जनशक्ति आदिको सक्रिय भूमिकालाई बढावा

### (11) खानागावा प्रिफेक्चरको विशेषता झल्काउने अन्तराष्ट्रिय आदानप्रदान तथा सहयोगको प्रवर्द्धन

प्रिफेक्चरले, चीनको लिओनिङ्ग प्रान्त, कोरियाको ग्याङगीका युवाहरुसँग खेलकुद तथा आदानप्रदान कार्यक्रम आदि, मैत्रीपूर्ण आदानप्रदानको उद्देश्यको भेटघाट तथा अन्तराष्ट्रिय निकायसँग सहकार्यलाई प्रवर्द्धन गरिरहेको छ। साथै, विकासशील देश तथा क्षेत्रको विकासमा योगदान पुर्याउने मध्यम क्यारियरका जनशक्ति तथा प्रशिक्षक, सीप तथा प्रविधि सिक्ने प्रशिक्षार्थीहरू बोलाएर, तालिम आयोजना गरी, जनशक्ति उत्पादन गरिने छ।

[**नीति नियमको विकास**]

- अन्तराष्ट्रिय विद्यार्थीहरू जस्ता खानागावासँग घनिष्ठताको भाव भएका स्वदेश वा विदेशमा बस्ने विदेशीहरूसँगको नेटवर्क बनाउने लक्ष्य लिएर, "खानागावा अन्तराष्ट्रिय फ्यान क्लब" लाई विस्तार गर्ने
- शैक्षिक संस्था, NPO, कम्पनी आदिसँग सहकार्य गरी, अन्तराष्ट्रिय विद्यार्थीहरूको लागि सहायता (पुनः प्रकाशन)
- मैत्रीपूर्ण आदानप्रदान गर्ने पक्षसँग अन्तराष्ट्रिय आदानप्रदानको प्रवर्द्धन
- टोक्यो २०२० ओलम्पिक, पारा-ओलम्पिक प्रतियोगिताको लेगेसीको रुपमा अन्तराष्ट्रिय आदानप्रदानलाई बढावा दिने
- अन्तराष्ट्रिय सम्मेलनहरूलाई आकर्षित / आयोजना गरी अन्तराष्ट्रिय आदानप्रदानलाई प्रवर्द्धन गर्ने
- विभिन्न विषय तथा क्षेत्रको लागि आवश्यक जनशक्ति उत्पादन तथा प्रशिक्षकहरू उपलब्ध गराउने
- विश्वव्यापी वातावरणको विषयमा, अन्तराष्ट्रिय निकायसँग सहकार्य



【चीनको लिओनिङ प्रान्त भ्रमणका दृश्यहरू】



【अमेरिकाको मेरिल्याण्ड राज्य भ्रमणका दृश्यहरू】

### (12) अन्तराष्ट्रिय समुदायमा सक्रिय भूमिका खेल्न सक्ने जनशक्ति उत्पादन

अन्तराष्ट्रियकरणको सामना गर्न सक्ने शिक्षा तथा इन्टरनेशनल बाकलारिएटबाट मान्यता प्राप्त विद्यालयको गतिविधिहरू मार्फत, अन्तराष्ट्रिय समुदायमा सक्रिय भूमिका निभाउन सक्ने अन्तराष्ट्रिय ज्ञान भएका जनशक्ति उत्पादन गरिने छ। त्यसलाई पनि समेटेर, अन्तराष्ट्रिय आदानप्रदान गतिविधिलाई सहायता गरिने छ।

[**नीति नियमको विकास**]

- अन्तराष्ट्रियकरणलाई सामान गर्न सक्ने शिक्षाको प्रवर्द्धन
- इन्टरनेशनल बाकलारिएटबाट मान्यता प्राप्त विद्यालयका गतिविधिहरूलाई विस्तार
- युवाहरूको अन्तराष्ट्रिय बुझाई / अनुभव गर्ने गतिविधिलाई सहायता
- विदेशी भाषासँग सम्बन्धित तालिम आदि आयोजना र विस्तार
- ग्लोबल सिटिजन （※） सिकाईलाई प्रवर्द्धन

※ग्लोबल सिटिजन : पृथ्वीमा बस्ने एक सदस्यको हैसियतले, शान्ति, वातावरण, मानव अधिकार, गरिबी जस्ता विश्वव्यापी समस्यालाई समाधान गर्नको लागि, दैनिक जीवनयापनमा यी कुराहरूको बारेमा सोचेर, आफूले गर्न सक्ने कदम चाल्ने, पहल गर्ने व्यक्तिलाई जनाउँछ।

## नीतिको दिशा

## आधारभूत लक्ष्य 3 ग्लोबल जनशक्ति आदिको सक्रिय भूमिकालाई बढावा

### (13) विदेशी जनशक्तिको सक्रिय भूमिका लाई बढावा

अन्तराष्ट्रिय विद्यार्थीहरूको प्रिफेक्चर भित्रको कम्पनीमा रोजगारी, कामलाई निरन्तरता तथा प्रिफेक्चर भित्रको कम्पनी आदिमा विदेशीहरूलाई जागिर दिलाउने कुरालाई लक्षित गरि, रोजगार मेला, रोजगार सहायता वर्कशप जस्ता कार्यक्रम आयोजना गर्नुका साथै, विदेशी नर्स, सम्भावित केयर गिभरहरुलाई लाइसेन्स प्राप्तिको लागि सहायताको व्यवस्था जस्ता कार्य गरिने छ।

**[नीति नियमको विकास]**

- अन्तराष्ट्रिय विद्यार्थीलाई प्रिफेक्चर भित्रको कम्पनीमा रोजगार लक्षित सहायता
- विदेशी नर्स, सम्भावित केयर गिभरहरुलाई लाइसेन्स प्राप्तिको सहायतालाई विस्तार
- नर्सिङ्ग केयर कम्पनीमा अन्तराष्ट्रिय विद्यार्थीलाई स्वीकार गर्ने
- प्रिफेक्चरले स्थापना गरेको प्राविधिक कलेजमा अन्तराष्ट्रिय विद्यार्थीलाई भर्ना लिने

### (14) विदेशी जनशक्तिहरूको लागि काम गर्न सहज वातावरण निर्माण

विदेशी कामदारहरू ढुक्क भएर काम गर्न सक्ने गरी, श्रम परामर्श सेवाहरू विस्तार गर्ने, बहुभाषिकरण वा विदेशी जनशक्तिलाई रोजगारी दिने कम्पनीलाई उपयुक्त श्रम वातावरणको बारेमा जानकारी तथा सहयोग गरिने छ।

**[नीति नियमको विकास]**

- श्रम परामर्शलाई विस्तार / बहुभाषिकरण
- कम्पनी आदिलाई सचेतना कार्यक्रम तथा सहायता

## नीतिको दिशा


## आधारभूत लक्ष्य 4 आणविक हतियार मुक्त / शान्तिको चेतनालाई फैलाउने

### (15) आणविक हतियार मुक्त / शान्तिको चेतना फैलाउने

शान्तिपूर्ण वातावरण निर्माणको लागि, शान्तिको अनमोलता, युद्धका भयावहतालाई अर्को पुस्तामा हस्तान्तरण गर्नुका साथै, " खानागावा आणविक हतियार मुक्त प्रिफेक्चर घोषणा" को उद्देश्यलाई फैलाउने र तथा जनचेतना जागृत गर्ने कार्य अनि, आणविक हतियार मुक्त घोषणा गर्ने प्रिफेक्चर भित्रका स्थानीय निकायसँग सहकार्य गरिने छ।

**[नीति नियमको विकास]**

- आणविक हतियार मुक्त / शान्तिको चेतनालाई फैलाउने




【खानागावा आणविक हतियार मुक्त प्रिफेक्चर घोषणा】




【ग्लोवल सिटिजन खानागावा प्लाजाको अन्तराष्ट्रिय शान्ति प्रदर्शनी कक्ष】

# नीतिको दिशा

# आधारभूत लक्ष्य 5 प्रिफेक्चरवासीहरुको अन्तराष्ट्रिय गतिविधिको लागि सहायता, सहकार्य र सहयोगको प्रवर्द्धन

## (16) प्रिफेक्चरवासीको गतिविधिलाई सहायता तथा सहकार्य / सहयोग

प्रिफेक्चरवासीको अन्तराष्ट्रिय गतिविधिलाई सहयोग र प्रोत्साहन गर्नुका साथै, त्यस गतिविधिलाई प्रभावकारी रुपमा विस्तार गर्न सकोस् भन्नाको लागि, (सार्वजनिक प्रतिष्ठान) खानागावा अन्तराष्ट्रिय आदानप्रदान संघ लगाएत, एनजिओ, एनपिओ, पालिका कार्यालय, कम्पनी, सम्बन्धित संघ-संस्था आदिसँगको समन्वय र सहकार्यलाई बढावा दिने कार्य गरिने छ।

[**नीति नियमको विकास**]

- प्रिफेक्चरवासीको अन्तराष्ट्रिय गतिविधिलाई सहयोग र प्रोत्साहन
- (सार्वजनिक प्रतिष्ठान) खानागावा अन्तराष्ट्रिय आदानप्रदान संघसँग सहकार्य
- सहकार्य र समन्वय मार्फत अन्तराष्ट्रिय नीतिको विकास

## (17) अमेरिकी सैनिक व्यारेकको समस्या समाधानका उपायहरू प्रवर्द्धन

यस प्रिफेक्चरमा, प्रिफेक्चर भित्र रहेको अमेरिकी सैनिकको व्यारेकलाई व्यवस्थित / खुम्च्याउने तथा सेनाले ओगटेर राखेको क्षेत्र फिर्ता लिने कार्यको लागि, सम्बन्धित स्थानीय निकायसँग सहकार्य गरी अगाडि बढ्ने छ। अनि, व्यारेक वरिपरिका बासिन्दाहरूको सुरक्षा र कल्याणलाई व्यवस्थित गर्न र आनन्दपूर्वक जीवनयापन गर्न सक्ने वातावरण सुनिश्चित गर्नको लागि, व्यारेक वरिपरिका समस्यालाई समाधान गर्न सम्बन्धित स्थानीय निकायसँग सहकार्य गरी राज्यलाई घचघच्याइने छ।

[**नीति नियमको विकास**]

- अमेरिकी सैनिक व्यारेकलाई व्यवस्थित, खुम्च्याउने तथा ओगटेर राखेको क्षेत्र फिर्तालाई बढुवा दिने
- व्यारेक वरिपरिका बासिन्दाहरूको सुरक्षा र कल्याणलाई व्यवस्थित र आनन्दपूर्वक जीवनयापन गर्न सक्ने वातावरणको सुनिश्चितता
- अमेरिकी सैनिक व्यारेकसँगको समन्वयलाई प्रोत्साहन

## (18) अपहरणको मुद्दालाई भुल्न नदिन र प्रिफेक्चरबासीको बुझाईलाई बढावा

"अपहरणको मुद्दा, त्यस बाहेक उत्तर कोरिया सरकारले गरिरहेको मानव अधिकार उल्लङ्घनलाई सामना गर्ने कानून" (२००८ सालको कानून दफा ९६) बमोजिम, राज्य, पालिका कार्यालय, सहयोगी संघ-संस्था आदिसँग सहकार्य गरी, अपहरणको मुद्दालाई विर्सन नदिने तथा प्रिफेक्चरवासीको बुझाईलाई गहिरो पार्ने पहल गरिने छ।

[**नीति नियमको विकास**]

- विशेष गरी बेपत्ता पारिएका व्यक्ति लगायत अपहरण मुद्दाको बुझाईलाई बढावा
- अपहरणको मुद्दालाई विर्सन नदिन पालिका कार्यालय, सहयोगी संघ-संस्था आदिसँग सहकार्य
- अपहरण मुद्दाको बुझाई र चासो लाई गहिरो बनाउनको लागि शिक्षाको बिस्तार
- अपहरणको मुद्दालाई समाधान गर्नको लागि दबाब दिने